जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १४९ पृष्ठः ४ | २०८२ असोज १३ गते सोमबार (Monday 29 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहा नगरपालिकामा अस्थायी, करार र ज्यालादारी कर्मचारीको नियुक्ति रद्द



सिरहा, १२ असोज। सिरहाको जिल्ला सदरमुकाम समेत रहेको सिरहा नगरपालिकाले अस्थायी, करार सेवा तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको नियुक्ति र करार सम्झौता रद्द गरेको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत परुषोत्तम घिमिरद्वारा आइतबार 'अस्थायी र करार सम्झौता रद्द' सम्बन्धी सूचनामा पालिकाको विभिन्न शाखा मातहत कार्यरत अस्थायी, करार सेवा तथा ज्यालादारीमा कार्यरत कर्मचारी तथा अन्य कर्मचारीहरुको नियुक्ति र करार सम्झौता रद्द गरेको उल्लेख छ। सूचनामा त्यस्ता कर्मचारीहरुको १३ असोज ( सोमबार) देखि लागू हुनेगरी नियुक्ति र करार सम्झौता रद्द गरिएको जनाइएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ८ असोज २०८२, च.नं. ११३ र अर्थ मन्त्रालयको ७ असोज २०८२, च.नं. ११८ को परिपत्र तथा नेपाल सरकार (मन्त्रिपरिषद्) को ५ असोजको बैठकको 'नेपाल सरकार, प्रदेश तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने' निर्णय बमोजिम नगरपालिकाको स्वीकृत दरबन्दी बाहेककाको नियुक्ति र करार रद्द गरिएको सूचनामा उल्लेख छ। पालिकामा अस्थायी, करार सेवा तथा ज्यालादारीमा कार्यरत कर्मचारी तथा अन्य कर्मचारीहरु कति छन् भन्ने चाहिं सूचनामा खुलाइएको छैन।

संघीय सरकारको निर्णय बमोजिम जिल्लाको १७ मध्ये सिरहा नगरपालिकाले नगरमा अस्थायी, करार सेवा तथा ज्यालादारीमा कार्यरत कर्मचारी तथा अन्य कर्मचारीहरुको नियुक्ति र करार सम्झौता रद्द गरेको भएपनि बाँकी अन्य स्थानीय तहहरुले सो निर्णय बमोजिम त्यस्ता कर्मचारीहरुको हकमा के गरेका छन् भन्ने विषयमा सूचना सार्वजनिक गरेका छैनन्। सिरहा जिल्लाका नौ नगरपालिका र आठ गाउँपालिकामा २०७४ र २०७९ सालको स्थानीय तहको निर्वाचनपछि संघ र प्रदेशले कर्मचारी नपठाएको बहानामा पालिकाको कामका लागि भन्दै कार्यविधि बनाएर आ-आफ्ना दल वा निकटका व्यक्तिहरु भर्ना गरेर राज्यको श्रोत दोहन गरेको आरोप लाग्दै आएको छ।

जिल्लाका केही पालिकामा त ज्यालादारी कर्मचारीको रुपमा नियुक्ति लिएर तलव सुविधा लिने तर पालिकाको काम नगरी पार्टी, जनवर्गीय संगठनको काममा मात्र सकृय रहने गरेको पाइएको स्थानीय नागरिकको गुनासो रहेको छ।

## जेन-जी आन्दोलनका घाइतेहरूलाई परिचयपत्र वितरण शुरू

काठमाडौं, १२ असोज। सरकारले जेन-जी युवा आन्दोलनका क्रममा घाइते भएकाहरूलाई परिचयपत्र वितरण शुरू गरेको छ। यही परिचयपत्रका आधारमा आन्दोलनका घाइतेहरूले सहज उपचार पाउने गृह मन्त्रालयले जनाएको छ। गृहमन्त्री ओमप्रकाश अर्यालले आज ट्रमा सेन्टरमा गएर घाइतेहरूलाई परिचयपत्र वितरण शुरू गर्नुभएको छ। भोलिदेखि नै देशभरका जिल्ला प्रशासन कार्यालयहरूलाई परिचयपत्र बाँड्न शुरू हुनेछ। यस्तै सरकारले जेन-जी आन्दोलनका घाइतेहरूलाई परिचयपत्र वितरणसँगै अस्पतालहरूमा डेडिकेटेड 'जेन-जी क्लिनिक' स्थापना गरेको छ। साथै जेन-जी आन्दोलनका घाइतेहरूलाई अस्पतालसम्म निःशुल्क आउजाउको व्यवस्थासमेत मिलाएको मन्त्रालयले जनाएको छ। घाइतेहरूको वर्गीकरण गर्न उपचारमा संलग्न विज्ञ डाक्टरहरूको संयोजकत्वमा कार्यदल गठन हुनेछ। एक पटक उपचार गरी पटक-पटक फलोअपमा जानुपर्ने घाइतेहरूका लागि स्वास्थ्य मन्त्रालयले वा सम्बन्धित अस्पतालले निःशुल्क एम्बुलेन्सको व्यवस्था मिलाउने छन्।

## मुख्यमन्त्री पूजापाठमा व्यस्त, राजीनामा पर्खँदै चार दल



**मिथिलेश यादव**

सिरहा, १२ असोज। मधेस प्रदेशको राजधानी जनकपुरधाममा चार दल मुख्यमन्त्री फेर्ने समीकरण बनाउन व्यस्त रहँदा मुख्यमन्त्री सतिशकुमार सिंह भने सप्तरीको छिन्नमस्ता भगवतीलगायतका शक्ति पीठमा पूजाआजा गर्न व्यस्त छन्। नेपाली कांग्रेस र मुख्यमन्त्री सिंह आबद्ध जनमत पार्टीले समेत सरकारबाट समर्थन फिर्ता लिइसकेपछि अल्पमतमा परेका मुख्यमन्त्री सिंहले आफूलाई पूजापाठमा व्यस्त बनाएका हुन्। सरकार अल्पमतमा परिसकेपछि मुख्यमन्त्रीले राजीनामा दिएर मार्ग प्रशस्त गर्नुपर्ने कांग्रेस मधेस प्रदेश संसदीय दलका नेता कृष्ण यादवको तर्क छ मुख्यमन्त्रीले राजीनामा दिए नयाँ सरकार सहज ढंगबाट बन्ने, नभए दुई साताको समय लाग्ने यादवले बताए।

'मुख्यमन्त्री जीकै दल जनमत पार्टीले समेत सरकारबाट समर्थन फिर्ता लिएर उहाँलाई फिर्ता बोलाइसकेको अवस्था छ,' उनले भने, 'तर उहाँ यसलाई इगनोर गर्दै आउनुभएकोले परिस्थिति जटिल बन्दै गएको छ।' मुख्यमन्त्रीले

-बाँकी दुई पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## जेष्ठ नागरिकको सम्मान गरौं ।

**जेष्ठ नागरिक अनुभव र ज्ञानका भण्डार हुनः**

- जेष्ठ नागरिकको भूमिकालाई परिवार र समाजमा महत्व दिऔं,
- निर्णय प्रक्रियामा समावेश गराऔं.
- स्वास्थ्य र सुरक्षा सुनिश्चित गरौं,
- एक्लोपन हटाउन सँगै समय बिताउने गरौं,
- सामाजिक र सांस्कृतिक कार्यक्रममा सहभागी गराऔं,
- आर्थिक रूपमा सहयोग र सुरक्षा उपलब्ध गराऔं,
- अधिकार र स्वाभिमानको रक्षा गरौं,
- सद्भाव र माया बढाई परिवार र समाजको अभिन्न हिस्सा बनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## गोला–मक्सुरको प्रेरक सफलता

कुनै समय थियो, जब सिरहा जिल्लाको गोलबजार नगरपालिका–१ र ३ अन्तर्गत पर्ने गोला–मक्सुरका बासिन्दाहरू पानीको एक घैंटोका लागि घण्टौं कुर्न बाध्य थिए। चुरे क्षेत्रको यो बस्तीमा पानीको अभाव दिनानुदिन गहिरिँदै गएको थियो। खोलाको छेउमा रहेको कुवा सुक्दै गएपछि बाढीले त्यो पनि बगायो। गाउँमा वैकल्पिक पानीको स्रोत थिएन, र जेनरेटरमा भर पर्ने योजना इन्धन अभावका कारण बन्द भयो। यस्तो अवस्थामा दैनिक जीवन सञ्चालन गर्नसमेत गाह्रो भएको थियो। तर आज यो बस्तीमा घर–घरमा धारा बगेको छ। चपुत्रासहित बनाइएका आकर्षक संरचनाहरूले गाउँको स्वरूप नै फेरिएको छ। यो परिवर्तन सम्भव भएको हो 'गोला–मक्सुर खानेपानी आयोजना' मार्फत, जुन गोलबजार नगरपालिका, वेल्थ हङ्गर हिल्फे र सबल नेपालको साझेदारीमा सञ्चालित भएको हो।

यस आयोजनाले विकास योजनाहरूमा समुदायको सहभागिता कति महत्वपूर्ण हुन्छ भन्ने स्पष्ट देखाएको छ। योजना सुरु गर्नु अघि स्थानीयको आवश्यकता बुझियो, 'एक घर, एक धारा' लक्ष्यमा केन्द्रित गरियो, र समुदायलाई सक्रिय रूपमा समावेश गरियो। सबल नेपालका संयोजक देवेशकुमार चौधरीका अनुसार, कुल ३७ लाख २६ हजार रुपैयाँ लागतमा सम्पन्न यस परियोजनामा २५ लाखभन्दा बढी रकम परियोजनाबाट, १२ लाखभन्दा बढी रकम नगरपालिकाबाट र बाँकी श्रमदानमार्फत जुटाइएको हो। स्थानीयको सक्रिय सहभागिताले यो योजना सफल मात्र होइन, दीगो र उदाहरणीयसमेत बनाएको छ। खानेपानी उपभोक्ता समितिका अध्यक्ष प्रेम गगन थापामगरका अनुसार, पाँच दशकपछि गाउँमा पुनः सुरक्षित र भरपर्दो खानेपानीको व्यवस्था हुँदा गाउँलेहरूको जीवन सहज भएको छ।

स्थानीय सुनमाया विक सम्झन्छिन्, "पहिले एउटै धारामा पालो कुर्दै नुहाउनुपर्थ्यो, अब त आ–आफ्नो घरमै धारा छ।" पानी नहुँदा केवल प्यास मात्र होइन, स्वास्थ्य, मर्यादा र आत्म–सम्मानसमेत प्रभावित हुने रहेछ भन्ने कुरा गाउँलेहरूले प्रत्यक्ष अनुभव गरेका छन्। यो आयोजनामा १०/१० हजार लिटर क्षमताका तीनवटा ट्याङ्की छन्, जसले कुल ३० हजार लिटर पानी भण्डारण गर्छन्। यिनै ट्याङ्कीबाट पाइपलाइनमार्फत गाउँका ६० घरधुरीमा धारा जडान गरिएको छ। सस्तो, सरल र स्थानीय सहभागितामा आधारित यो योजना साँचो अर्थमा 'जनताको योजना, जनताको पहल' बनेको छ।

सबल नेपालका कोषाध्यक्ष आयुष श्रेष्ठका अनुसार, गोला–मक्सुरको यो योजना अब बिस्तारै अन्य टोलहरूका लागि पनि उदाहरण बन्नेछ। नेपालका धेरै ग्रामीण क्षेत्र अझै पनि खानेपानी संकटमा छन्। यस्ता क्षेत्रमा यही मोडेललाई विस्तार गर्न सकियो भने पानीसँगै स्वास्थ्य, आत्म–सम्मान र जीवनस्तर पनि सुधार हुनेछ। अन्ततः, गोला–मक्सुर खानेपानी आयोजना केवल पानीको पहुँच होइन, सामाजिक रूपान्तरणको प्रतीक बनेको छ। यस्तो योजना अन्य स्थानमा पनि लागू गर्न सक्ने गरी नीति निर्माण तहमा लैजान जरुरी छ। जब जनताको आवश्यकता बुझेर, समुदायलाई समेटेर योजना बनाइन्छ, तब मात्र दिगो विकास सम्भव हुन्छ।


### बिमालेख हराएको सूचना

२०८२ साउन ७ गते घर देखि सिरहा सदरमुकाम जाने क्रममा मेरो निम्न ब्यहोरा भएको **लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड**को बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**नाम : पुनम कुमारी मंडल**
**ठेगाना : कल्याणपुर-२, पर्साही (सिरहा)**
**बिमालेख नं. ६२०००८२५०**

### बिमालेख हराएको सूचना

२०८२ साउन ७ गते घर देखि सिरहा सदरमुकाम जाने क्रममा मेरो निम्न ब्यहोरा भएको **लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड**को बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**नाम : सुको देवी पासमान**
**ठेगाना : कर्जन्हा-७, प्रेमनगर (सिरहा)**
**बिमालेख नं. ६२००००८९४**


# जेनजी आन्दोलनपछि अर्थतन्त्र र अबको बाटो




डा. डिल्लीराज खनाल

जेन–जी आन्दोलनले देशको राजनीतिमा मात्र नभई अर्थतन्त्रलाई समेत गम्भीर सङ्कट पैदा गरेको छ। लामो समयदेखि देखिँदै आएको नीतिगत कमजोरी, भ्रष्टाचार, बेरोजगारी, अभाव र अनियमितताले नागरिकमा असन्तोष थियो। प्रतिदिन हजारौं युवा रोजगारीको खोजीमा विदेश जान बाध्य थिए। यही असन्तोष अन्ततः आन्दोलनमा परिणत भयो। आन्दोलन शान्तिपूर्ण मात्र भएन, हिंसात्मक घटनाले ठूलो भौतिक र मानवीय क्षति पनि भयो। निजी क्षेत्रको मात्रै झन्डै ८० अर्ब रुपैयाँभन्दा धेरैको क्षति भएको अनुमान छ। मोटामोटी साढे २ खर्ब रुपैयाँभन्दा धेरैको नोक्सानी भएको देखिन्छ।

यसले स्पष्ट देखाउँछ कि नेपालको अर्थतन्त्र कुन अवस्थामा पुगेको छ भनेर। उत्पादनशील क्षेत्रहरू जस्तै– कृषि र उद्योग धराशायी भएका छन्। उदार अर्थनीति अपनाइए पनि त्यसलाई सीमित बिचौलियाले कब्जा गरेर आफ्नो स्वार्थका लागि प्रयोग गरे। बजेट निर्माणदेखि खर्च गर्ने प्रक्रियासम्ममा बिचौलिया हावी भए जसका कारण सरकारी पैसाको सही र प्रभावकारी उपयोग भएन। पालिका तहसम्म त्यो समस्या रग्यो। तलैसम्म फैलिएको भ्रष्टाचारले स यितप्रति नै नागरिकको विश्वास घटाएको अवस्था छ।

अहिलेको विषम परिस्थितिमा मुख्य काम भनेको युद्धस्तरमा पुनर्निर्माण गर्नु हो। अर्थतन्त्र सुधारका लागि सबैभन्दा पहिले राज्य संयन्त्रलाई सुधार्नुपर्छ। अनावश्यक खर्च कटौती गर्नुपर्छ। बैठक भत्ता, महँगो कार्यालय सजावट, देखावटी सुविधाजस्ता खर्च रोक्ने अन्तरिम सरकारको निर्णय सकारात्मक छ। सरकारले स देखि प्रदेशसम्म बढ्दै गएको स्वकीय सचिव र सल्लाहकार नियुक्तिको बेथिति अन्त्य गर्ने निर्णय गरेको छ।

अब राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख र मन्त्रीबाहेक कसैले पनि स्वकीय वा सल्लाहकार राख्न पाउने छैनन्। मन्त्री र प्रदेश प्रमुखले पनि बढीमा तीन स्वकीय मात्र राख्न पाउने व्यवस्था गरिएको छ। यसअघि सांसददेखि पालिकाका जनप्रतिनिधिले आफन्त र कार्यकर्तालाई स्वकीय वा सल्लाहकार बनाएर राज्यकोषबाट अबौं खर्च भइरहेको थियो। अब यो सुविधा कटौती भएपछि ठूलो रकम बच्ने अपेक्षा छ।

साथै भूमि समस्या समाधान आयोग खारेज गर्दै त्यहाँ भएका ३१६ राजनीतिक नियुक्ति पनि हटाइएका छन्। सरकारले बैठक भत्ता, अनावश्यक सवारीसाधन, वैदेशिक भ्रमण, बाह्य परामर्शजस्ता खर्चमा पनि रोक लगाएको छ। करारमा कर्मचारी भर्ना नगरी विद्यमान संरचना मात्रै प्रयोग गर्ने, अनुत्पादक आयोजना र बजेट रोक्का गर्ने निर्णय भएको छ। यी कदमले राज्यकोषको दुरुपयोग रोक्ने, खर्चलाई पारदर्शी बनाउने र शिक्षा, स्वास्थ्य, पुनर्निर्माणजस्ता प्राथमिक क्षेत्रमा स्रोत केन्द्रित गर्ने बाटो खोल्ने सरकारको अपेक्षा छ। निर्णय कार्यान्वयनमा कानूनी अवरोध आए पनि सरकार त्यसलाई मिलाउँदै अघि बढ्ने जनाएको छ।

समग्रमा यो कदमलाई साहसिक र सुधारतर्फको सकारात्मक शुरुआतका रूपमा लिइएको छ। अब मुख्य कुरा भनेको अक्षरशः कार्यान्वयन र बचत भएको स्रोतलाई नागरिकको हितमा प्रयोग गर्नु हो। कर्मचारी संरचना ३०–४० प्रतिशतले घटाएर सेवामुखी बनाउनुपर्छ। चालु खर्च नियन्त्रण गरी पूँजीगत खर्चलाई प्राथमिकता दिनुपर्छ। काम नलाग्ने र प्रतिफल नदिने आयोजनाहरू तत्काल बन्द गरिनुपर्छ अन्यथा आर्थिक स्रोत जुटाउन समस्या हुने देखिन्छ।

थला परेको अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रलाई प्रोत्साहन दिन आवश्यक छ। बैंकमा ठूलो मात्रामा रकम नचलेर थुप्रिएको छ। यसलाई प्रतिफल दिने आयोजना र उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने हो। उद्योग पुनर्जीवित गर्न सरकारले सहुलियत दिनुपर्छ। कृषिमा आधारित उत्पादनलाई प्राथमिकता दिएर मेचीदेखि महाकालीसम्म उत्पादनको बजार सुनिश्चित गर्नुपर्छ। पालिकाले उत्पादन प्रोत्साहन र बजारीकरणमा सक्रिय भूमिका दिनुपर्छ।

रोजगारी सिर्जना अहिलेको अर्को मुख्य चुनौती हो। वैदेशिक रोजगारमा निर्भर हुनुको सट्टा स्वदेशमै रोजगारी बढाउनुपर्ने बेला आएको छ। कृषिलाई व्यावसायिक बनाउने, पर्यटनलाई पुनर्जीवित गर्ने, साना तथा मध्यम उद्योगलाई कर छुटदेखि प्राविधिक सहयोगसँगै अन्य सुविधा दिएमात्रै ती चल्ने अवस्था छ। यसो गरियो भने युवालाई देशमै रोक्न सकिन्छ। रेमिट्यान्सले बैंकिङ क्षेत्रलाई सबल बनाएको छ तर यो दीर्घकालीन समाधान होइन। त्यसैले रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने वातावरण बनाउनुपर्छ।

उदार अर्थतन्त्रका नाममा भएको दुरुपयोग अन्त्य गर्न सरकार दृढ बन्नुपर्छ। पुनर्निर्माणका लागि सबै पक्षसँग सहमति र समर्थन आवश्यक छ। राजनीतिज्ञ, निजी क्षेत्र, नागरिक समाज सबैलाई एउटै लक्ष्यमा ल्याउनुपर्छ। ठूला क्रान्तिकारी नारामात्र होइन, व्यावहारिक काम गर्नुपर्ने समय हो।

विषम परिस्थितिमा पनि दशैं मनाउनुपर्ने अवस्था छ। दशैंलाई मितव्ययी ढङ्गले मनाऔं। भड्किलो बनाउनुभन्दा संस्कृतिलाई जोगाएर चाडपर्व मनाउनुपर्छ। अहिलेको प्राथमिकता भनेको पुनर्निर्माणलाई जोड दिँदै अर्थतन्त्रलाई चुस्त बनाउनु हो। यदि तुरुन्तै प्रभावकारी कदम चालिएन भने नेपाल कम्तीमा ५ वर्ष पछि पर्छ। तर दृढ राजनीतिक इच्छा शक्ति, पारदर्शी नीतिगत सुधार र उत्पादनशील क्षेत्रमा लगानी बढाउन सकियो भने देश छिट्टै पुनर्जीवित हुन सक्छ।

जेन–जी आन्दोलनले देखाएको सन्देश भनेको पुराना प्रवृत्तिले देशलाई अघि बढाउन सक्दैन भन्नु हो। अब पुनर्निर्माण, पारदर्शिता, उत्पादन वृद्धि र रोजगारी सिर्जना आवश्यक छ भन्ने नै हो। यही बाटोबाट मात्र देशलाई संकटबाट निकालेर समृद्धितर्फ डोऱ्याउन सकिन्छ। (वरिष्ठ अर्थशास्त्री खनालसँगको कुराकानीमा आधारित) अनलाइन खबरबाट

### *मुख्यमन्त्री...*

लिखित रूपमा राजीनामा बुझाएपछि मात्रै अर्को सरकार गठनको बाटो खुल्ने संवैधानिक व्यवस्था छ। आइतबारसम्म नयाँ सरकार गठन गर्ने तयारीमा रहेका चार दलबिच सहमति भइसके पनि सिंहले राजीनामा नदिँदा तत्काल नयाँ सरकार गठन टरेको छ। 'सरकारमा सहभागी दलमध्ये कुनै दलले समर्थन फिर्ता लिए, सरकारले पुनः विश्वासको मत लिने संवैधानिक अधिकार छ। ३० दिनभित्र सरकारले विश्वासको मत लिने संवैधानिक व्यवस्था छ,' कांग्रेस संसदीय दलका नेता यादवले भने, 'मुख्यमन्त्रीले पदबाट लिखित रूपमा राजीनामा दिए मात्रै ३० दिन अगावै सरकार निर्माणको बाटो खुला हुन्छ।' त्यस कारण अहिले पहिला मुख्यमन्त्रीको राजीनामाको प्रतीक्षा गरिरहेका उनले बताए।

मुख्यमन्त्री सिंह भने तत्काल राजीनामा दिने पक्षमा छैनन्। उनले प्रदेश सभा फेस गर्ने अडानमा छन्। कांग्रेस नेतृत्वमा पुरानो समीकरणअनुसार नै सरकार गठन गर्ने चार दलबिच सहमति भएको छ। शुक्रबार कांग्रेस, एमाले, जनमत र लोसपा बैठक बसेर नयाँ सरकार बनाउने सहमति भएको थियो। यद्यपि मन्त्रालय बाँडफाँटको टुंगो भने लागिसकेको छैन। मुख्यमन्त्रीको मात्रै टुंगो लगाइएको जनमत पार्टीका मधेस प्रदेश संसदीय दलका नेता महेश यादवले बताए। जनमत पार्टीले आफ्नै सरकार ढाल्ने निर्णय लिएको केही दिनमा कांग्रेसले पनि सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो। जनमत संसदीय दलका नेता यादवले गएको २८ गते प्रदेश प्रमुखलाई पत्र लेख्दै सरकारबाट मुख्यमन्त्री तथा मन्त्रीहरू फिर्ता बोलाउँदै समर्थन फिर्ता लिएको जानकारी गराएको थियो। त्यसपछि कांग्रेस संसदीय दलको बैठकले निर्णय गर्दै यही असोज ८ गते आफ्नो समर्थन फिर्ता लिएको थियो।

यसरी दुई दल सरकारबाट बाहिरिएपछि मुख्यमन्त्री सिंह नेतृत्वको सरकार अल्पमतमा परेको थियो। प्रदेश सरकार अल्पमतमा परेपछि पुनः चार दलले बैठक गरेर नेतृत्व परिवर्तन गरेर नयाँ सरकार बनाउने सहमति गरेका हुन्। यहीबिचमा आइतबार मुख्यमन्त्री सिंहले सप्तरीको प्रसिद्ध शक्ति पीठ छिन्नमस्ता भगवती मन्दिरमा पूजापाठ गरी मधेस र मधेसवासीको कल्याणको कामना गरेको बताएका छन्। मधेस प्रदेशको समुन्नति, विकास तथा मानव कल्याणको कामना गर्दै छिन्नमस्ता भगवती मातासँग प्रार्थना गरेको उनले बताए। करिब १० मिनेट मन्दिरको गर्भ गृहमा दर्शनसँगै मुख्यमन्त्री सिंहलाई मन्दिरका पीठाधीश महकान्त ठाकुरले पूजापाठ गराएका थिए।

# Golbazar Municipality

## Office of the Municipal Executive

Golbazar,Siraha
Madhesh Province, Nepal

## Invitation for Electronic Bids

**Second Date of Publication: 2082/06/12(28-09-2025)**

1. The Golbazar Municipality office intends Open Competitive Bidding from eligible bidders for the Tender Management of Gagan Khola and Mainabati Khola

| S. No. | Contract ID No. | Name of Project | Maximum Excavatin volume (Cubic Meters) | Minimum Bidding Amount (NRs.) without VAT | Minimum Bid Security Amount (NRs.) | Fee for Bid Document (NRS.) | Last Date of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 1. | GolMun/R/ Revenue-01/ 2082/083 | Extraction of river-based material for the revenue collection from Gangan Khola | 60650 | 90,97,500.00 | 5% of Bidding Amount without VAT | 3000/- | 13-10-2025, 12:00 (2082/06/27) | 13-10-2025, 2:00 (2082/06/27) |
| 1. | GolMun/R/ Revenue-02/ 2082/083 | Extraction of river-based material for the revenue collection from Maninabati Khola | 5590 | 4,19,250.00 | 5% of Bidding Amount without VAT | 3000/- | | |

2. The contract duration shall be 1 Fiscal years (2082-83) upto 2083 Jestha.
3. Bidder must submit Company Registration Certificate, VAT Registration Certificate, TAX Clearance of Fiscal Year 2080/81, Letter of Bid and Other Documents as specified in Bidding Document.
4. Selection of Bidder shall be based on Highest Evaluated Substantially Responsive Bidder.
5. Bid security (5% of bidding amount) must be deposited in cash in following Account: (Global IME Bank, Account No.: 5504010000016. Dharauti Account) or BID security valid up to minimum 90 days from authorized bank
6. Eligible Bidders may refer complete set of Bid Document for further information at PPMO'S website www.bolpatra.gov.np/egp and other information at golbazarmun.gov.np. Bidders shall have the option of submitting their bids electronically only.

**Chief Administrative Officer**

# जनकपुर न्यूरोको अर्को लापरवाहीः टाउको अपरेशन गर्न बेहोस पारिएका बिरामीलाई होसमा ल्याउन छातीको पनि अपरेशन गर्न खोजेपछि...

**सुरेन्द्र यादव**

जनकपुरधाम, १२ असोज। जनकपुरधाम उपमहानगपालिका–१ की ५० वर्षीया सोनाबती सदा १४ दिनदेखि अस्पतालमा उपचारत्त छिन्। गएको भदौ २८ गते मोटरसाइकल दुर्घटनामा घाइते भएकी सदा जनकपुर न्यूरो हस्पिटलको उपचारपछि थप जोखिममा परेकी हून्। कारण, न्यूरो हस्पिटलले उनको टाउकोको शल्यक्रियामा लापरवाही गरेको परिवारजनको आरोप छ।

जनकपुर न्यूरो हस्पिटलमा अन्तिम रिपोर्ट नआउँदै अति संवेदनशील रहेको टाउकोको शल्यक्रिया गरेका थिए। सिटी स्क्यानको अन्तिम रिपोर्ट नै नहेरी न्यूरोका चिकित्सकले (प्रारम्भिक) फिल्म इमेजको अधारमा शल्यक्रिया गरेपछि सादा बेहोस भएकी थिइन्। पाँच दिनसम्म उनलाई होस नआएपछि परिवारका सदस्यले जनकपुर न्यूरोबाट काठमाण्डु मेडिकल कलेज (केएमसी) लगेपछि घटना बाहिर आएको हो। न्यूरोका चिकित्सकले टाउकोमा जमेको सात एमएम रगत हटाएको दाबी गर्छन्। तर, केएमसीमा पुनः सिटी स्क्यान गरी हेर्दा टाउकोमा अझै साढे सात एमएम रगत रहेको बताएपछि बिरामी पक्ष थप चिन्तामा परेका छन्। केएमसीका चिकित्सकले जनकपुर न्यूरोको लापरवाही भएको कारण उपचार गर्न मानेका थिएनन्। त्यसपछि अहिले रामजानकी अस्पतालको भेन्टिलेटरमा राखेर उनको उपचार भइरहेको छ।

बिरामी पक्षका महेश यादवका अनुसार जनकपुर न्यूरोको रिपोर्ट अनुसार टाउकोमा सात एमएम रगत जमेको थियो। शल्यक्रिया गरेर हटाएको र सो वापत साढे पाँच लाख रकम पनि लिएको छ। तर, सात दिनपछि काठमाडौंको केएमसीमा गरेको सिटी स्क्यानको रिपोर्टमा साढे सात एमएम रगत अझै देखाएपछि जनकपुर न्यूरो हस्पिटलले ठगेको महेशको गुनासो छ। केएमसीमा लगेपछि त्यहाँका चिकित्सकले जनकपुर न्यूरोको रिपोर्ट मागेका थिए। हामीले सुरुदेखि नै सिटी स्क्यानको रिपोर्ट मागेका थियौं। तर न्यूरोका चिकित्सकले फिल्म रिपोर्ट मात्रै दिएका थिए। रिपार्टका लागि बारम्बार ताकेदा गरेपछि दरभंगा सिटी स्क्यानका सञ्चालक केदार यादवले ११ दिनपछि ह्वाटसअपमा रिपोर्ट पठाएका थिए। तर, उक्त रिपोर्टमा चिकित्सकको हस्ताक्षर छैन्। र, शल्यक्रिया भएको सात दिनपछिको मितिको सिटी स्क्यान गरेको रिपोर्ट दिएका छन्। अर्थात रिपोर्ट आउनु अघि नै जनकपुर न्यूरोले शल्यक्रिया गरेको यही रिपोर्टबाट पनि पुष्टी हुन्छ।



**बीचौलियामार्फत यसरी लगे न्यूरोमा**

जनकपुरधाम–१ मुसहरीटोलस्थित जमुनियाका मनोज यादवको मोटरसाइकलमा ठोकिएर भदौ २८ गते सोनाबती घाइते भएकी थिइन्। उनलाई तत्कालै उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरमा लगेको मोटरसाइकल चालक मनोजले बताए। मनोजका अनुसार प्रादेशिक अस्पतालका चिकित्सकले आकस्मिक कक्षमा राखेर उनलाई उपचार गर्न थाले। टाउकोमा चोट लागी रगत बगिरहेको थियो। रगत रोक्न तत्काल चिकित्सकले दुईवटा टाँका लगाएर भित्रीको चोट हेर्न सिटी स्क्यान गर्न सुझाव दिए। २८ गते शनिवारको दिन भएकाले प्रादेशिकमा सिटी स्क्यान भएन। चालक मनोजले आफन्त महेश यादवलाई फोन गरेर बोलाएर दरभंगा सिटी स्क्यान पुगेको बताए। नागरिक मिररबाट

# रौतहटका ४ पालिकाका कर्मचारी दसैँमा तलबविहीन

रौतहट, १२ असोज। हिन्दुहरूको महान् पर्व बडा दसैँमा पनि रौतहटका हजारौँ सरकारी कर्मचारी र लक्षित वर्गका वृद्ध, अपाङ्ग, एकल महिला लगायतका लाभग्राहीले तलब र सामाजिक सुरक्षा भत्ता पाउन सकेका छैनन्। जिल्लामा रहेका १६ नगरपालिका र २ गाउँपालिका ( कुल १८ पालिका) मध्ये फतुवा विजयपुर, बौधिमाई, गुजरा र देवाही-गोनाही नगरपालिकाले अझै खाता सञ्चालन गर्न नसकेका कारण ती पालिकाका शिक्षक, कर्मचारी र सामाजिक सुरक्षा भत्ता पाउने वर्गलाई दसैँअघि रकम उपलब्ध हुन सकेको छैन। बाँकी १४ पालिकाको खाता सञ्चालन भइसकेको कोलेनिकाले जनाएको छ ।

कोष तथा लेखा नियन्त्रण कार्यालय रौतहटका प्रमुख देवीप्रसाद गौतमका अनुसार नेपाल सरकारको नीति अनुसार असार १० गतेभित्र नगरसभा सम्पन्न गर्नुपर्ने भए पनि देवाही-गोनाही र बौधिमाई नगरपालिकामा अहिलेसम्म नगरसभा हुन सकेको छैन। नगरसभा सम्पन्न गरेका फतुवा विजयपुर र गुजरा नगरपालिकाले पनि बन्दसत्र र अन्य आवश्यक प्रशासनिक प्रक्रिया समयमै पूरा नगरेका कारण खाता खोल्न ढिलाइ भएको हो। यस कारण चार पालिकामा कार्यरत शिक्षक र कर्मचारीहरूलाई समयमै तलब वितरण गर्न र लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन नसकिएको कोष लेखा कार्यालयले जनाएको छ।

फतुवा विजयपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरतप्रसाद यादवले भने, "ढिलाभए पनि नगरसभा र बन्दसत्र दुवै सम्पन्न भइसकेका छन्। बाँकी रहेको योजनाको पोस्टिङ प्रक्रिया पूरा भएपछि २-४ दिनमै खाता सञ्चालन गर्ने तयारी छ।" यसबाट पालिकाहरूको आन्तरिक कमजोरीकै कारण दसैँ जस्तो महत्त्वपूर्ण पर्वमा कर्मचारीहरूलाई पारिश्रमिक नपुग्ने अवस्था सिर्जना भएको स्पष्ट हुन्छ। तलब र भत्ता नपाउँदा दसैँका लागि नयाँ कपडा, मिठा परिकार र घरफर्केर पर्व मनाउने सपना अधुरो हुने अवस्था आएको कर्मचारीहरूले गुनासो गरेका छन् ।

विशेषगरी टाढा गाउँ र बाहिर जिल्लाबाट आएका शिक्षक र कर्मचारीहरूले यात्रा खर्च अभावमा घर जान नसकेको दुखेसो सार्वजनिक गरेका छन्। सामाजिक सुरक्षा भत्ता पाउने वृद्ध, अपाङ्ग, एकल महिलाहरूलाई पनि दसैँअघि राहत र सहयोगको रकम नपाउँदा पर्व फिका हुने देखिएको छ।

# ओलीसहित पाँच जनाको पासपोर्ट रोक्का गर्ने सरकारको निर्णय

काठमाडौँ, १२ असोज। सरकारले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली सहित पाँच जनाको पासपोर्ट रोक्का गर्ने निर्णय गरेको छ। जेन-जी आन्दोलन दमनवारे जाँचबुझ गर्न गठित आयोगको सिफारिसमा उनीहरूलाई विदेश जान रोक लगाएको हो। गृह मन्त्रालयले उनीहरुलाई अनुमतीविना काठमाडौँ उपत्यका बाहिर जान पनि रोक लगाएको छ ।

**पासपोर्ट रोक्का हुनेहरू को को हुन् ?**

पासपोर्ट रोक्काको सूचीमा पर्नेहरुमा प्रधानमन्त्री ओली, गृहमन्त्री रमेश लेखक, गृहसचिव गोकर्णमणि दुवाडी, राष्ट्रिय अनुसन्धान प्रमुख हुतराज थापा र काठमाडौँका निवर्तमान प्रमुख जिल्ला अधिकारी छवि रिजाल छन्। गत २३ भदौको जेन-जी आन्दोलनमा प्रहरीले घातक हतियारहरु प्रयोग गर्दा १९ जनाको मृत्यु भएको थियो। प्रधानमन्त्री ओलीले आफूले प्रहरीलाई गोली चलाउन निर्देशन नदिएको दाबी गरेका थिए। तर गृह मन्त्रालयले त्यतिबेला 'जसरी पनि भीडलाई संघीय संसद भवनतिर जान रोक्नु' भन्ने निर्देशन दिएको थियो। त्यसपछि काठमाडौँका प्रमुख जिल्ला अधिकारी छवि रिजालले गोली चलाउन आदेश दिएका थिए।

## बिमालेख हराएको सूचना

२०८२ साउन ७ गते घर देखि सिरहा सदरमुकाम जाने क्रममा मेरो निम्न ब्यहोरा भएको **लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड**को बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**नाम : उर्मिला कामती**
**ठेगाना : कल्याणपुर-१, अर्नमा (सिरहा)**
**बिमालेख नं. ६५१७००५५२**

# जेनजी आन्दोलनपछि संघीयतामाथि खतरा महसुस : मधेसवादी दल गर्दै छन् एकता



काठमाडौँ, १२ असोज। पटक-पटक जुटेर फेरि फुटेका तराई मधेसकेन्द्रित दलहरू पुनः एकताका लागि गृहकार्यमा जुटेका छन्। जेनजी पुस्ताको आन्दोलनपछि ती दलहरू एकता प्रक्रियालाई तीव्रता दिएका हुन्। संघीय लोकतान्त्रिक मोर्चामा आबद्ध रहेका दलहरूबिच एकताका लागि प्रस्ताव नै पेस भएको छ। मोर्चामा रहेका दलहरू कुनै बेला एउटै दलमा थिए। तर आआफ्नो स्वार्थका कारण ती दलहरू अलग भए। मोर्चामा महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपाल, हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी, वृषेशचन्द्र लाल नेतृत्वको तमलोपा, रेशम चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पार्टी आबद्ध छन्। डा. सीके राउत नेतृत्वको जनमत पार्टी पनि मोर्चामा आबद्ध थिए, तर उनी बैठकहरूमा जान छाडेका छन्।

सुरुमा मधेसी जनअधिकार फोरम नेपाल, तमलोपा र सद्भावना पार्टीबाटै नै यी सबै दल विभाजन भएका हुन्। पछि विभाजन भएर विभिन्न दल बनेका हुन्। २०७० को दोस्रो संविधान सभा चुनावपछि विभिन्न छ वटा दलहरू मिलेर राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल बनेको थियो। तमलोपा, सद्भावना पार्टी, राष्ट्रिय मधेस समाजवादी पार्टी, नेपाल सद्भावना पार्टी, मधेसी जनअधिकार फोरम (गणतान्त्रिक), तराई मधेस सद्भावना पार्टी मिलेर राजपा नेपाल बनेको थियो। राजपा नेपालमा उपेन्द्र यादवको तत्कालीन संघीय समाजवादी फोरम सहभागी थिएन। त्यस्तै, हृदयेश त्रिपाठी पनि एकताबाट असन्तुष्ट भएर अलग भएका थिए। त्यस्तै राजपा नेपालबाट अलग भएर वृषेशचन्द्र लालले तमलोपा पुनर्गठन गरेका थिए।

पछि राजपा नेपाल र उपेन्द्र यादव नेतृत्वका तत्कालीन समाजवादी पार्टीबिच एकता भयो र जसपा नेपाल बनेको थियो। त्यो जसपा नेपाल एक वर्ष पनि टिक्न सकेन र त्यहाँबाट महन्थ ठाकुर, राजेन्द्र महतो, लक्ष्मण लाल कर्ण, अनिलकुमार झा लगायतका नेताहरू अलग भएर लोसपा नेपाल गठन गरे। उता जेलमा रहेका जसपा नेपालका नेता रेशम चौधरीले नागरिक उन्मुक्ति पार्टी गठन गरिसकेका थिए। लोसपा नेपालबाट राजेन्द्र महतो अलग भएर राष्ट्रिय मुक्ति पार्टी गठन गरे भने अनिल झा नेपाल सद्भावना पार्टी पुनर्गठन गरे।

विभिन्न कारणले अलग भएका यी दलहरू पुनः एकताका लागि जुर्मुराएका हुन्। राजनीतिक मामिलाका जानकारहरू भन्छन्, 'जेनजी पुस्ताको आन्दोलनका कारण आगामी निर्वाचनमा ती दलहरूमा संकट आउने देखिएपछि हतार-हतारमा एकता गर्न लागेका हुन्।' तर जसपा नेपालका प्रवक्ता मनीष सुमन भन्छन्, 'संघीयता बचाउनका लागि दलहरूका बिचमा एकता हुनु अपरिहार्य भइसकेको छ।' विगतमा जे भए पनि त्यसको समीक्षा गर्दै सबै कमीकमजोरीलाई ख्याल गरेर एकता बढाउनुपर्ने भएकाले जेनजी आन्दोलनपछि संघीयतामाथि खतरा उत्पन्न भएको उनले बताए।

भदौं २४ पछि संघीयता पक्षधर र संघीयता नचाहने बिच लडाइँ सुरु भएको र संघीयता नै चाहिँदैन, प्रदेश नै चाहिँदैन जस्ता कुरा उठ्न थालेका उनको भनाइ छ। त्यसलाई जोगाउने आफूहरूको दायित्व देखिएको र त्यसैले संगठित भएर लाग्नुपर्नेमा जोड दिए। विगतमा दलहरूका बिचमा एकता भएको तर किन विभाजन भयो, पटक पटक पार्टीहरू किन विभाजन भयो भन्ने विषयमा गम्भीर छलफल गरेर त्यसलाई आधार मानेर एकता अगाडि बढाउनुपर्नेछ,' उनले भने, 'कांग्रेस-एमाले गठबन्धन बनेपछि संविधान संशोधनमा दबाब दिनका लागि मधेस केन्द्रित दलहरूका बिचमा मोर्चाबन्दी भएको थियो।'

कांग्रेस-एमाले गठबन्धनको सरकारले संविधान संशोधन गरेर दुई पार्टी प्रणाली ल्याउने, थ्रेसहोल्ड बढाउने, समानुपातिक प्रणाली हटाउनेजस्ता कुरा बाहिर ल्याएपछि मधेसवादी दलहरूले त्यतिबेला मोर्चाबन्दी गरेका थिए। अब अहिले फेरि जेनजी आन्दोलनपछि संघीयतामाथि खतरा भएको भन्दै ती दलहरूका बिचमा एकता नै हुन लागेको छ।








मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यु यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)